*सञ्चालक समितिबाट स्वीकृत मितिः २०८२/१/०७*

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
## नयाँ वानेश्वर, काठमाण्डौ
### व्याज दर निर्धारण सम्वन्धी नीतिगत मापदण्ड, २०८२

कम्पनीको प्रवन्धपत्रको अनुसूचिमा रहेको कम्पनी सञ्चालनका नीतिगत आधारहरुको बुदा नं. ख (२) को प्रयोजनका लागि कम्पनीको सञ्चालक समितिले देहायको व्याज दर निर्धारण सम्वन्धी नीतिगत मापदण्ड, २०८२ बनाएको छः

१. **संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस मापदण्डको नाम "हाइड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, व्याज दर निर्धारण सम्वन्धी नीतिगत मापदण्ड, २०८२ रहेको छ।

१.२ यो मापदण्ड सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **उदेश्यः** कम्पनी एक्लैले कुनै आयोजनामा प्रत्यक्षरुपमा प्रवाह गरेको ऋणको व्याज दर निर्धाण गर्न प्रष्ट आधार र मापदण्ड निर्धारण गर्नु यसको प्रमुख उद्देश्य रहेको छ।

३. **प्रमुख मापदण्डहरुः** कम्पनी एक्लैले कुनै आयोजनामा प्रत्यक्षरुपमा गरेको ऋणको व्याज दर निर्धारण देहायका मापदण्डको आधारमा गरिनेछ।

(क) आयोजनाहरुमा प्रवाह हुने प्रत्यक्ष ऋणको व्याज दर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकले प्रकाशित गर्ने अघिल्लो त्रैमासको वाणिज्य बैंकहरूको त्रैमासिक औसत आधारदरमा प्रिमियम थप गरी निर्धारण गरिनेछ।

(ख) वित्तीय बजारमा प्रचलित व्याज दर, तरलताको अवस्था एवम् ऋण प्रवाह हुने आयोजनाको अवस्था र ऋण लगानीका शर्तहरुका आधारमा प्रिमियम दर निर्धारण गरिनेछ। त्यस्तो प्रिमियम दर न्यूनतम ५० आधार विन्दुदेखि अधिकतम ३०० आधार विन्दुसम्म कायम हुनेछ।

(ग) वित्तीय बजारमा प्रचलित व्याज दर र तरलताको अवस्थाको आधारमा खण्ड (क) र खण्ड (ख) मा उल्लिखित मापदण्डको अधिनमा रहि कम्पनीबाट प्रवाह हुने कुनै ऋणमा लागू हुने न्यूनतम र अधिकतम व्याज दर निर्धारण गर्न सकिनेछ।

(घ) वित्तीय बजारमा प्रचलित व्याज दर र यसको प्रवृत्तिको बिश्लेषणका आधारमा कम्पनीले निश्चित अवधिका लागि कुनै ऋणको लागि स्थिर व्याज दर कायम गर्न सक्नेछ। तर यस्तो स्थिर व्याज दर पाँच वर्ष भन्दा बढी अवधिका लागि हुने छैन।

Kathmandu, 2011 ★ Hydroelectricity Investment & Development Co. Ltd.

(ङ) कम्पनीले व्याज भूक्तानी गर्ने गरी ऋण उपकरणहरुबाट वित्तीय साधन परिचालन गर्न प्रारम्भ गरे पश्चात सो वित्तीय स्रोतको लागत (Cost of Fund) का आधारमा प्रचलित मापदण्डका आधारमा आधारदर निर्धारण गरी खण्ड (ख) मा उल्लिखित मापदण्डका आधारमा व्याज दर निर्धारण गरिनेछ।

(च) कम्पनीबाट प्रवाह भएको प्रत्येक ऋण लगानीको व्याज आर्थिक वर्षको आधारमा त्रैमासिक रुपमा (आश्विन, पौष, चैत्र र असार मसान्त) गणना गरिनेछ।

**४. सञ्चालक समितिको अधिकारः**

४.१ यस मापदण्डको अधिनमा रहि कम्पनीबाट प्रवाह हुने प्रत्यक्ष ऋण लगानीको व्याज दर निर्धारण तथा पूनरावलोकन सञ्चालक समितिबाट हुनेछ।

४.२ यस मापदण्डलाई सञ्चालक समितिले आवश्यकता अनुसार संशोधन वा थपघट गर्न सक्नेछ।

Hydroelectricity Investment & Development Co. Ltd. ★ Kathmandu, 2011 ★